दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २७३ | बुटवल | २०८१ असोज १३, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Sept.29, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## संस्थापक सम्पादक कार्कीको निधन



बुटवल । लुम्बिनी राष्ट्रिय दैनिकका संस्थापक सम्पादक, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उप-सभापति एवं प्रेस स्वतन्त्रता सेनानी कर्णबहादुर कार्कीको निधन भएको छ । लामो समयदेखि मधुमेह र दुई वर्षदेखि मिर्गौलाको समस्यासँग जुधिरहेका कार्कीको पाल्पा तानसेन ध्रुवघाटस्थित आफ्नै निवासम निधन भएको हो ।

२०११ सालमा जन्मिएका कार्कीको साउन अन्तिम हप्ता लुम्बिनी प्रादेशिक अस्पतालमा हर्नियाको सफल शल्यक्रिया भएको थियो । त्यसपछि उनी मिर्गौला प्रत्यारोपणको तयारीमा थिए। कार्की पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा सक्रिय भएसँगै २०३६ सालको जनमत संग्रहपछि पाल्पाबाट पत्रकारिता सुरु गरेका थिए । कार्कीले जमर्को, झिल्को र देशान्तर साप्ताहिकमा जोडिएर पत्रकारिता गरेका थिए । तानसेनमा पञ्चायती व्यवस्थाका समर्थकले कुटपिट गरेपछि कार्की बुटवल झरेर २०४५ सालमा दैनिक लुम्बिनीको प्रकाशन सुरु गरेका थिए। पञ्चायतविरोधी आन्दोलनमा सक्रिय भएर चिनिएकाले तत्कालीन जिल्ला प्रशासनले उनलाई रुपन्देहीमा पत्रिका दर्ता गर्न नदिएपछि नवलपरासीको परासीमा दाइ कृष्णबहादुर कार्कीको सहयोगमा पत्रिका दर्ता गरेका थिए। २०४९ सालमा होमनाथ दाहाल पत्रकार महासंघका अध्यक्ष हुँदा कार्की केन्द्रीय उपाध्यक्ष थिए।

कार्कीले २०४६ साल र २०६२-६३ को जनआन्दोलन सफल बनाउन पत्रकारिताको माध्यमबाट महत्वपूर्ण भूमिका खेलेका उनका समकालीनहरु बताउँछन् । कार्की संविधानसभाका लागि नागरिक अभियानको उपाध्यक्ष भएर संविधानसभा चुनावमार्फत् संविधान बनाउनुपर्छ भन्ने आन्दोलनमा पनि क्रियाशील थिए । पञ्चायती व्यवस्थाविरुद्ध लागेको भन्दै कार्की २०३६ साल र २०४६ सालमा जेल समेत परेका थिए।

उनका एक श्रीमती भगवती, छोरी निरु, बन्जु र छोरा सरोज छन्। कान्छा छोराको केही वर्षअघि मृत्यु भइसकेको छ।

यसैबिच दैनिक लुम्बिनीको प्रकाशन संस्था सिद्धार्थ पब्लिकेसन्स प्रालिका अध्यक्ष मोहन चापागाईंले एक शोक विज्ञप्ति जारी गर्दै संस्थापक सम्पादक कार्कीको निधनले दैनिक लुम्बिनी परिवार स्तब्ध र दुःखित भएको उल्लेख गरेका छन्। शोकको घडीमा दिवंगत आत्माको चीरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना विज्ञप्तिमार्फत् व्यक्त गरिएको छ।

» *बाँकी ३ पेजमा*

### अविरल वर्षाको वितण्डा :

# बाढीपहिरोमा परेर ७६ जनाको मृत्यु, ७२ जना बेपत्ता

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थाहरूलाई वर्षा र बाढीबाट भएको विपद्का घटनाबाट उद्धार गरिएका घाइते बिरामीहरूलाई निःशुल्क उपचार गर्न स्वास्थ्य संस्थाहरूलाई आग्रह गरेको छ।**





बुटवल। अविरल वर्षासँगैको बाढी पहिरोमा मृत्यु हुनेको संख्या ७६ जना पुगेको छ। यस्तै ७२ जना बेपत्ता र ३६ जना घाइते भएको सशस्त्र प्रहरीले शनिबार राति जनाएको छ । यस्तै देशभर १ सय ९५ ठाउँमा भौतिक क्षति भएको सशस्त्र प्रहरीका सहायक प्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए।

उपत्यकाको काठमाडौँ, ललितपुर र भक्तपुर ३ वटै जिल्लामा २३ वटा बोट र गोताखोरसहित ९० स्थानमा करीब ४ हजार जनशक्ति परिचालित भई १ हजार ४ सय ५७ जनाको सकुशल उद्धार गरिएको उनले बताए। उनका अनुसार उपत्यकामा ३४ जनाको मृत्यु, २१ जना बेपत्ता र १५ जना घाइते भएका छन्। यसैगरी कोशी प्रदेशको पाँचथर, ओखलढुङ्गा, धनकुटा, झापा, मोरङ, सोलुखुम्बु र सुनसरीमा गरी ८ सय ५३ जनाको सकुशल उद्धार गरिएको छ भने १ सय ५२ स्थानमा भौतिक क्षती, १० जनाको मृत्यु, ९ जना वेपत्ता र २ जना घाइते भएका छन्।

मधेश प्रदेशको रौतहट र महोत्तरी जिल्लामा ५५ जनाको सकुशल उद्धार गरिएको छ भने १० स्थानहरुमा भौतिक क्षति र १ जना बेपत्ता भएका छन् । यसैगरी बागमती (उपत्यका बाहेक) काभ्रे, सिन्धुली, सिन्धुपाल्चोक, मकवानपुर, दोलखा, धादिङ र चितवन जिल्लामा गरी ४ सय ९४ जनाको सकुशल उद्धार गरिएको छ भने ३१ स्थानमा भौतिक क्षती, २९ जनाको मृत्यु, १९ जना घाइते र ३९ जना बेपत्ता भएका छन्।

यसैगरी लुम्बिनी प्रदेशको रुपन्देहीमा बाढीमा परी २ जना बेपत्ता भएको उनले बताए। नेपालका विभिन्न जिल्लाहरुमा भएको घटनाहरुमा खोजी तथा उद्धारका लागि सशस्त्र प्रहरी बल, नेपालबाट १० हजार ५ सय ४० जना जनशक्ति परिचालि गरिएको उनले बताए।

**घाइते बिरामीहरूलाई निःशुल्क उपचार**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थाहरूलाई वर्षा र बाढीबाट भएको विपद्का घटनाबाट उद्धार गरिएका घाइते बिरामीहरूलाई निःशुल्क उपचार गर्न स्वास्थ्य संस्थाहरूलाई आग्रह गरेको छ।

शनिबार एक विज्ञप्ति जारी गर्दै मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सबै प्रादेशिक स्वास्थ्य, आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूले आपत्कालीन अवस्थामा स्वास्थ्यसम्बन्धी समस्याको बारेमा जानकारी प्रदान गर्नका लागि हटलाइन नम्बर सार्वजनिक गर्न आग्रह गरेका हुन्। जारी विज्ञप्तिमा केही दिन देखि नेपालको अधिकांश क्षेत्रमा मौसममा बदलाव आई मेघ गर्जन, चट्याङ्ग र हावाहुरीसहितको वर्षाका कारणले निम्ताएको प्राकृतिक प्रकोपले जनमानसको स्वास्थ्यमा प्रतिकुल प्रभाव परेको र भविष्यमा थप पार्न सक्ने भएकोले सबै स्वास्थ्य संस्था र सम्बन्धित सरोकारवालाहरूलाई सतर्क रही उपचारमा सहयोग गर्न आग्रह गरिएको छ।

प्रदेश, जिल्ला र स्थानीय तहका द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राख्न, प्रादेशिक स्वास्थ्य आपत्कालीन केन्द्रहरूले हब तथा स्याटलाइट अस्पतालहरूसँग समन्वय गरी आकस्मिक चिकित्सकीय समूहहरूलाई तयारी अवस्था राख्न आग्रह गरिएको छ । प्रादेशिक स्वास्थ्य आपत्कालीन केन्द्रहरूले स्वास्थ्यका साझेदार निकायहरूसँग समन्वय गर्न र श्रोत साधनहरूको अद्यावधिक गर्न, स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक सेवा र जनशक्तिलाई २४सैं घण्टा उपलब्ध हुने गरी व्यवस्था मिलाउन भनिएको छ।

यस्तै आपत्कालीन अवस्थामा स्वास्थ्य सम्बन्धी कुनै समस्याको बारेमा जानकारी आवश्यक परेमा कल सेन्टरको हटलाइन नम्बर १११५ मा सम्पर्क गर्न, आपत्कालीन अवस्था आइपरी स्वास्थ्य संस्था जानुपरेमा तालिम प्राप्त एम्बुलेन्स चालक र स्वास्थ्यकर्मीसहितको एम्बुलेन्सको हटलाइन नं १०२ मा सम्पर्क गर्न आग्रह गरिएको छ।

» *बाँकी ३ पेजमा*

# 'पारदर्शी ढंगले चलेका सहकारी समस्यामा पर्दैनन्'




तिलोत्तमा । तिलोत्तमा नगरभित्रका ११ वटा सहकारी संस्थाहरु एकीकृत भई बनेको सबैको बचत तथा ऋण सहकारी संस्था मर्जपछि बलियो र विश्वासिलो बन्दै गएको छ । 'व्यवस्थित संस्था :स्तरीय सेवा' नारा अंगिकार गरेको सहकारीले नेफ्स्कुनबाट एकीकरण विधामा उत्कृष्ट सहकारी पुरस्कार समेत पाएको थियो। ८ वटा सेवा केन्द्र र मणिग्राममा मुख्य कार्यालयसहित ९ स्थानबाट सेवा प्रवाह गरिहरेको संस्थाको तेस्रो वार्षिक साधारण सभामा सञ्चालक र शेयर सदस्यहरुले संस्था सहकारीको सिद्धान्त र मूल्य मान्यताअनुसार पारदर्शी र ठीक ढंगले चलेको भन्दै सराहना गरे।

साधारणसभामा राष्ट्रियसभा सदस्य गोपाल भट्टराईले समाजवाद उन्मुख राष्ट्रका लागि सहकारीको भूमिका महत्वपूर्ण हुने बताएका छन् । सांसद भट्टराईले सहकारीहरुले सदस्यको आयआर्जन र जीवनस्तरमा सुधार ल्याउन उत्पादनमुखी कर्जा लगानी हुनपर्नेमा जोड दिए।

भट्टराईले महिलाहरुलाई आर्थिक उपार्जनमा लगाउन कृषिमा र घरेलु उद्योगमा जोडी बढी उद्यमी उत्पादन गर्नुपर्ने सुझाव दिए।

कार्यक्रममा लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्णप्रसाद नेपालले समुदायमा आधारित सहकारी संस्थाहरुमा समस्या नभएकाले बाहिरबाट आएर बद्‌मासी गर्ने केही सहकारीका कारण उत्पन्न भ्रमबाट सचेत हुनुपर्ने बताए।

सहकारी संस्थाका अध्यक्ष भरतराज भुसालले ११ वटा सहकारीहरुलाई एकीकरण गरी वृहत र बलियो संस्था बनाई विधि पद्धतीबाट सञ्चालन गरेकाले सदस्यहरुको विश्वास जितेको बताए। उनले सहकारी संस्थाहरु अस्वभाविक नाफा आर्जनका साधन नभएको स्पष्ट पार्दै समुदायस्तरमा स्तरीय वित्तीय सेवा सहजरुपमा दिने सेवामूलक र सदस्य केन्द्रित संस्था भएको बताए।

सहकारीलाई केवल नाफा र स्वार्थको माध्यम बनाउने प्रवृत्तिबाट सबैको सहकारी सधैं टाढा रहने मान्यतामा रहेको भन्दै उनले सहकारीका काम, कर्जा लगानी आदिबारे सदस्यहरुले पनि निगरानी गरी सञ्चालक र व्यवस्थापनलाई सधैं चनाखो रहन खबरदारी गर्न अध्यक्ष भुसालले आग्रह गरे। आगामी दिनमा सहकारीको नेतृत्वमा आउन चाहनेका लागि विशेष तालिमको आयोजना गर्ने उल्लेख गर्दै तालिममा सहभागि नभएका सदस्य आगामी निर्वाचनमा सञ्चालकमा बस्न नपाउने व्यवस्था गरेको समेत उनले जानकारी गराए।

कोषाध्यक्ष मिरा बस्याल पाण्डे शर्माले अघिल्लो आर्थिक वर्ष भन्दा गत आर्थिक वर्षमा संस्थाले १३४४ जना शेयर सदस्य वृद्धि गरी कूल शेयर पुँजी, जगेडा कोष, अन्य कोष, निक्षेप, कर्जा लगानी, सञ्चालन आम्दानीलगायत सबैमा उत्साहजनक प्रगति गरेको बताइन् । उनका अनुसार शेयर सदस्यमा ८४ प्रतिशत वृद्धि, शेयर पुँजीमा ५८ प्रतिशत, जगेडा कोषमा ८६ प्रतिशत, अन्य कोषमा ९९ प्रतिशत, निक्षेपमा ६३ प्रतिशत , सञ्चालन आम्दानीमा ८४.७० प्रतिशत वृद्धिले प्रगति गरेको जानकारी गराइन्।

सभामा लेखा सुपरिवेक्षणको प्रतिवेदन हरिप्रसाद न्यौपानेले प्रस्तुत गरेका थिए भने निर्वाचन कार्यविधिबारे संस्थाका सल्लाहकार डा. मुरारी पराजुलीले जानकारी गराएका थिए। शेयर सदस्यकोतर्फबाट प्राध्यापक डा. गणेश पाठक र ईन्दिरा अर्यालले सबैको सहकारी सहकारीको मूल्य मान्यता अनुसार नीति र विधिमा टेकेर सदस्यलाई केन्द्रमा राखी अघि बढेकाले कुनै समस्या नआई राम्रो प्रगति गरेको बताए। सचिव देवानन्द पाण्डेले सहकारीमा हाल ७ हजार ७ सय १३ जना शेयर सदस्य रहेका र त्यसमध्ये महिलाको संख्या ४ हजार २ सय ८१ जना रहेको जानकारी गराए।

हाल सहकारीको कार्यक्षेत्र तिलोत्तमा नगरपालिका, बुटवल उप-महानगरापलिका, सिद्धार्थनगरपालिका, ओमसतिया गाउँपालिका रहेको छ । मुख्य कार्यालय र ८ वटा सेवा केन्द्रमा गरी २४ जना कर्मचारी कार्यरत सहकारीले भविष्यमा कार्यक्षेत्र पनि विस्तार गर्ने लक्ष्य रहेको व्यवस्थापक हरिहर पौडेलले बताए।



# सम्पादकीय

## विपद्मा एकता नै शक्ति

दुई दिनदेखिको अविरल वर्षापछिको बाढी र पहिरोले ठूलो जनधनको क्षती भएको छ। बाढी पहिरोले गरेको क्षतीको पूर्ण विवरण आइसकेको छैन। प्राप्त प्रारम्भिक जानकारीअनुसार ४९ जनाको मृत्यु भएको छ, त्यसमध्ये काठमाडौं, ललितपुर र भक्तपुरमा मात्रै ३२ जनाको मृत्यु भएको छ। धेरै ठाउँमा सडक अवरुद्ध भएको छ। राजधानी जोड्ने सबै नाका बन्द भएका छन्।

चार दिनअघि जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गर्दै ६३ जिल्लालाई रेड अलर्टमा राखेको थियो। अत्याधिक वर्षा हुन सक्ने र त्यसले विपद् निम्त्याउने भन्दै सर्वसाधारणलाई सचेत हुन र सरकारी निकायलाई विपद् व्यवस्थापन पूर्वतयारी र विपद्पछिको उद्दार तथा राहतमा लाग्न ध्यानाकर्षण गराएको थियो। गृहमन्त्रालयले संभावित जोखिमबारे आँकलन गर्दै विपद्का बेला चनाखो रहन मातहतको निकायलाई निर्देशन दिएको थियो। गृहमन्त्रालयको निर्देशनअनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका युनिट विपद् व्यवस्थापनमा जुटे। नेपाली सेनाको सक्रियता पनि प्रशंसनीय छ। विपद्का बेला सुरक्षा निकाय र अरु सरकारी निकायको सक्रियताले नै काठमाडौंबाट ७ सय ७८ जनाको सकुशल उद्दार संभव भएको हो। सरकारले विपद्मा परेका सबैको निःशुल्क उपचारको व्यवस्था मिलाएको छ। यो उद्दारमा सर्वसाधारणको सहयोग पनि उत्तिकै छ। सरकारलाई सामाजिक सञ्जालमा गाली गर्नुभन्दा सबै मिलेर विपद्को सामना गर्न प्राथमिकता दिनुपर्छ। सरकारलाई गाली गर्नुभन्दा विपद्मा खटेका सुरक्षाकर्मीलगायतको हौसला बढाउने कामले उनीहरुको सम्मान हुन्छ।

हामी कहाँ विपद् पूर्वतयारी फितलो छ। अनुभवको कमी र साधनस्रोतको अभावले पनि पूर्व तयारी प्रभावकारी देखिंदैन, तर पछिल्ला वर्ष तहगत सरकारबिचको समन्वयमा विपद् व्यवस्थापनमा केही आशालाग्दा काम भएका छन्। उद्दार र राहतमा सीमित विपद् व्यवस्थापन अब पूर्व तयारीमा पनि केही काम भएका छन्। पूर्व तयारीअन्तर्गत विपद्का बेला आवश्यक सामग्रीको व्यवस्थापनमा तहगत सरकारले ध्यान दिन थालेका छन्। विपद्को जोखिमको मात्रा र प्रकृतिअनुसार हामीले अझैं व्यवस्थापन गर्न सकिरहेका छैनौ। मनपरी सडक निर्माणले पहिरोको जोखिम बढेको छ। नदी खोला, खोल्सा खाल्सीको क्षेत्राधिकार मिच्दा बाढीका बेला धनजनको क्षती बढेको छ। उपत्यकामा भएको क्षती नदी, खोला, खोल्साखाल्सी अतिक्रमणका कारण भएको हो।

यो विपद्बाट सिक्नुपर्ने पाठ हो, प्रकृतिसँग खेलवाड गर्नु हुँदैन्। सडक निर्माण कहाँ गर्ने, नगर्ने भन्ने निर्णय अध्यन हुनुपर्छ। हामीले बनाउने पूर्वाधार संभावित बाढीलाई थेग्न सक्ने खालका छन् कि छैनन् भन्ने हेक्का हुनुपर्छ। यति हुँदा हुँदै पनि विपद् आउँछ, पूर्वतयारीले क्षती न्यूनीकरण गर्न सकिन्छ। पूर्वतयारी, उद्दार र राहतमा सबै मिलेर अघि बढ्दा नै क्षती न्यूनीकरण गर्न सकिन्छ। सरकारले विपद्को सामना गर्न नेतृत्व गर्ने हो, सामना गर्ने सबै मिलेर हो, सबै मिलेर अघि बढ्दा नै शक्ति प्राप्त हुन्छ।

# चाडपर्वकेन्द्रित बजार



कृष्णप्रसाद भण्डारी(मार्सेली)

*आजको खाँचो विधिको शासन हो। विधिसम्मत गरिने नियमन सुशासन हो। सुशासनको अभावमा बजारलाई स्वच्छ राख्न नसकिएको आजको सन्दर्भमा जागरुक उपभोक्ता र जिम्मेवार विक्रेता अभियानमार्फत् कालोबजारी, कृतिम अभाव र नाफाखोरीलाई नियन्त्रण गर्दै स्वच्छ र प्रतिस्पर्धी बजार निर्माण गर्नु आजको खाँचो हो। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने गरेको बजार अनुगमन निष्पक्ष, सार्थक र प्रभावकारी नभएको आमगुनासो छ।*




वस्तु र सेवाका प्रदायकबाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकार संरक्षण गर्न उपभोक्तावादको सिद्धान्तबाट निर्देशित भई नेपालको संविधान, २०७२ को धारा ४४ मा मौलिक हकको रूपमा उपभोक्ता हक सुनिश्चित गरिएको छ। संवैधानिक व्यवस्थालाई सम्बोधन गर्न मौलिक कानुन उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भै कार्यान्वयनमा छ। उपभोक्ताको हित गर्न दर्जनभन्दा बढी क्षेत्रगत कानुन लागु भएका छन्। पालिकादेखि संसद्सम्म उपभोक्ताको हक हित संरक्षणका लागि बहस र छलफल हुने गरेका छन्। सरकारले स्रोतसाधनले भ्याएसम्म वस्तु र सेवाको बजारमा विधिसम्मत नियमन गरिरहेको दाबी गर्ने गरेको छ तर पनि हाम्रो वस्तु र सेवाको बजार स्वच्छ एवं प्रतिस्पर्धी हुन सकिरहेको छैन।

हाम्रो बजारमा एकाधिकारपूर्ण, अनुचित र कानुनद्वारा निषेधित व्यापारिक क्रियाकलाप हुने गरेका छन्। हरेक वर्ष साउन महिनादेखि वस्तुको मूल्य अत्यधिक अर्थात् अस्वाभाविक रूपमा बढ्ने गरेको छ। नयाँ बजेटमा करका दर बढ्नु, साउनदेखि नेपालीका साना-ठुला चाडपर्व सुरु हुनु, उपभोक्ताले घरमा राखेको खाद्यान्नको भण्डारण सकिँदै जानु, चाडपर्वको समयमा वस्तुको खपत बढी हुनु, डलरको मूल्य र अन्तर्राष्ट्रिय घटनाको प्रभावलगायतका कारणहरूले माग र आपूर्तिका बिचमा तालमेल नहुँदा वस्तुको मूल्यवृद्धि भई उपभोक्ता मूल्यवृद्धिको चपेटामा पर्ने गरेका छन्।

आपूर्ति असहज भएको अवस्थामा व्यवसायीले कालोबजारी, कार्टेलिङ, जस्ता व्यावसायिक मूल्य र मान्यता विपरीतका व्यापारिक गतिविधि गरेर उपभोक्तालाई मर्कामा पार्ने कार्य हुने गरेको छ। गत वर्ष चाडपर्वको समयमा चिनीको मूल्य सरकारको टाउको दुखाई बनेको ज्वलन्त प्रमाण हाम्रासामु हुँदाहुँदै पनि यस वर्षसमेत उस्तै अवस्था आउनुले हामी कतै जिम्मेवार नभएका त होइनौं भन्ने प्रश्न उठेको छ। चाडपर्वको समयमा सरकारले निजी क्षेत्रसँग रहेको अत्यावश्यक दैनिक उपभोग्य वस्तुको भण्डारणको अभिलेखसहित माग र आपूर्तिको विश्लेषण गरेर अभाव हुने वस्तु आफ्ना सरकारी संस्थानमार्फत जोहो गरेर बजार हस्तक्षेप गरी अनुचित र अस्वाभाविक मूल्यवृद्धिलाई नियन्त्रण गर्न सक्नु पर्छ। यस विषयमा नेपाल सरकार गम्भीर र संवेदनशील भएको अनुभूति आमउपभोक्ताले गर्न सकेका छैनन्।

यस वर्षको दसैं पर्व सुरु भएको छ। चाडपर्वमा क्रेताको भिड हुँदा बिक्रेताले ठग्ने सम्भावना हुने भएकै कारण अनुगमनलाई प्राथमिकतामा राख्ने नीतिगत निर्णय धमाधम भएका छन्। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दस बजार अनुगमन टोली खटाउने तयारी गरेको छ। यसै गरी भौतिक मन्त्रालयबाट दसैं अगाडि सडकका खाल्डाखुल्डी पुरेर/सडक मर्मत गरी दसैंमा उपत्यकाबाट बाहिरिने यातायातका साधनलाई सहज तुल्याउने मन्त्रीस्तरीय निर्णय गरेको छ।

निर्णय हात्तीका देखाउने दाँत बन्दै गएको आमउपभोक्ताको गुनासो छ। खाद्य स्वच्छतामा सरकारको ध्यान पुग्न सकेको नै छैन। तरकारी बजार, खुला ठाउँमा अर्थात् बाटामा राखिएको घिउ र कुराउनीको परीक्षण हुन सकेको देखिँदैन। दुध, घिउ तेल र पानी सबैभन्दा खराब भएको बेलाबेलाको ल्याब प्रतिवेदनले देखाउने गरेको छ। तारे होटल जहाँ उपभोक्ताको तिनका किचेनमा पहुँच हुन्न त्यहाँ पनि चर्को मूल्यमा गुणस्तरहीन खाना खानु परेको उपभोक्ताको गुनासोलाई सम्बोधन गर्दा नियामक अधिकारी नै सरुवा भएको सुनिएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको नेतृत्वले जब स्वच्छ बजारका लागि प्रयत्न गर्न सुरु गर्छ तब ऊ सरुवा हुने गरेको थुप्रै उदाहरण छन्। हुँदाहुँदा भौतिक मन्त्रीले चाडपर्वपछि भाडा बढाउने आश्वासनसहित दसैंको समयमा यातायातको सुविधा सहज तुल्याउन व्यवसायीलाई अनुरोध गरेको भन्ने समेत सुनियो। सरकारले आफूलाई किन कमजोर महसुस भएको ठान्ने ? विधिसम्मत नियमन गरी सुशासन कायम गर्न सरकार पछि पर्नु हुन्न। किन नियामक अधिकारीले उच्च मनोबल र दृढ इच्छाशक्तिका साथ काम गर्न सकिरहेका छैनन् ? यी र यस्ता प्रश्नप्रति सरकार संवेदनशील हुनै पर्छ।

यस वर्ष काठमाडौं उपत्यकाबाट दसैं मान्न २० लाख मानिस बाहिरिने अनुमान छ। विगतमा दसैंको समयमा काठमाडौं उपत्यकाबाट बाहिरिने उपभोक्ताले सहज रूपमा सार्वजनिक यातायातका साधनको टिकट नपाएको, सडक सुशासनको अभावमा दुर्घटना निम्तिँदा धेरै उपभोक्ताको जिउ ज्यान, स्वास्थ्य र सम्पत्तिमा हानिनोक्सानी पुगेको तितो अनुभवलाई मनन गरेर यस वर्ष सरकारले गम्भीरताका साथ सडक सुशासनका लागि निर्णय गरे पनि कार्यान्वयन पक्ष दुर्बल देखिँदै छ।

हाम्रो बजारलाई स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ताको सार्वभौम अधिकार भन्ने प्रमाणित गर्न नेपाल सरकारलाई यस आलेखमार्फत केही सुझाव प्रस्तुत गरिन्छ। पहिलो, विधिसम्मत वस्तुगत नियमन गरेर अर्थात् कानुनको कार्यान्वयनमार्फत सुशासन कायम गर्नैपर्ने। दोस्रो, सुशासन ऐन २०६४ को अक्षरसः पालना र कार्यान्वयन हुनुपर्ने। तेस्रो, नेपाल सरकारको मुख्य सचिवको संयोजकत्वमा गठित केन्द्रीय अनुगमन समितिलाई सक्रिय तुल्याउनुपर्ने। चौथो, जिल्लास्थित प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिलाई सक्रिय तुल्याउनुपर्ने। पाँचौं, हेल्प डेस्क, टोकन प्रणाली आदिको प्रबन्ध गर्ने।

छैटौं, उपभोक्ता संरक्षण नीति, बजार नीति र आपूर्ति नीति उपभोक्ता मैत्री हुनुपर्ने। सातौं, तत्काल उपभोक्ता अदालत गठन गरी कानुनी उपचारका लागि सहज व्यवस्था गर्नुपर्ने। आठौं, उपभोक्ता संरक्षण ऐन, २०७५ मा आवश्यक संशोधन गरी व्यावहारिक बनाउनु पर्ने। नवौं, ७५३ पालिकामा बजार अनुगमनलाई प्राथमिकतामा राख्न निर्देशन दिनुपर्ने। १०औं, तीनै तहका बजार अनुगमन समितिले अनुगमन गर्ने व्यावसायिक क्षेत्र किटान हुनुपर्ने। ११ औं, बजारको तह निर्धारण गर्नुपर्ने। १२औं, लक्षित वर्गका उपभोक्ताका लागि रासन कार्ड लागु गर्नुपर्ने। १३औं, सरोकारवाला सरकारी निकायका बिचमा समन्वय र सामाञ्जस्यता कायम गर्नुपर्ने। १४ औं, बजारमा कुनै वस्तुको अस्वाभाविक मूल्यवृद्धि हुँदा बजार हस्तक्षेपका लागि तयार रहनुपर्ने। १५औं, चाडपर्व विशेष बजार अनुगमनको कार्ययोजना सार्थक र प्रभावकारी हुनुपर्ने। १६ औं, काठमाडौं उपत्यका एवं बाहिरी जिल्लामा आपूर्ति सहज गर्न अत्यावश्यक २९ वस्तुको मौजादको अभिलेख तयार गरी माग र आपूर्तिको विश्लेषणसहित आपूर्ति व्यवस्थालाई सहज तुल्याउनुपर्ने। १७ औं, जागरुक उपभोक्ता र जिम्मेवार विक्रेता अभियानलाई प्राथमिकतामा राख्नुपर्ने। १८ औं, वस्तु र सेवाका क्षेत्रमा हुने गरेका उपभोक्ताका गुनासा प्राथमिकतामा राखि तत्काल सुनुवाइ हुनुपर्ने। १९ औं, सहरी क्षेत्रका निश्चित स्थानमा चाडपर्व केन्द्रित केही सुपथ मूल्य पसल खोलेर अनुदान दिनुभन्दा अत्यावश्यक दुई/तीन वस्तुको मूल्यमा अनुदान दिएर सहरदेखि ग्रामीण क्षेत्रसम्मका छ हजार सात सय त्रिचालीस वडा स्थित पसलबाट न्यायोचित बिक्री वितरणको व्यवस्था गर्नुपर्ने। २० औं, उत्पादनमा गुणस्तरीयता, आपूर्तिमा सहजता र उपभोक्तामा विवेकशिलता कायम गर्न उपभोक्तालाई जागरुक र बिक्रेतालाई जिम्मेवार बनाउने कार्यक्रम तीनै तहका सरकारको प्राथमिकतामा राख्नुपर्ने। २१ औं, बजारको प्रभाव राजनीतिमाथि भएको र राजनीतिले बजारलाई संरक्षण गरेको भन्ने आरोपलाई चिर्दै नियामक अधिकारीले उच्च मनोबल र दृढ इच्छाशक्तिका साथ कार्य गर्न सक्ने वातावरण हुनुपर्ने। २२ औं, केन्द्रीय बजार अनुगमन समिति र प्रदेशका बजार अनुगमन समितिले साझा कार्ययोजना तयार गरी प्राथमिकताका आधारमा बजार अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने। २३ औं, आवश्यकताका आधारमा ७५३ पालिकामा सुविधा पुग्ने गरी विषादी अवशेष परीक्षण ल्याव स्थापना गर्नुपर्ने।

आजको खाँचो विधिको शासन हो। विधिसम्मत गरिने नियमन सुशासन हो। सुशासनको अभावमा बजारलाई स्वच्छ राख्न नसकिएको आजको सन्दर्भमा जागरुक उपभोक्ता र जिम्मेवार विक्रेता अभियानमार्फत् कालोबजारी, कृतिम अभाव र नाफाखोरीलाई नियन्त्रण गर्दै स्वच्छ र प्रतिस्पर्धी बजार निर्माण गर्नु आजको खाँचो हो। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने गरेको बजार अनुगमन निष्पक्ष, सार्थक र प्रभावकारी नभएको आमगुनासो छ। विभागमा अत्यावश्यक दैनिक उपभोग्य वस्तुको भण्डारणको अभिलेख छैन। उपभोक्ताको सार्भभौम अधिकारको संरक्षणका लागि गरिने उजुरी/गुनासोको सुनुवाइ विश्वासिलो र भरपर्दो हुन नसकेको आमउपभोक्ताको आरोप छ। प्रदेश बजार अनुगमन समिति र स्थानीय बजार अनुगमन समिति बजारलाई नियमन गर्ने कार्यमा निराश देखिएका छन्। समग्र पक्षको विश्लेषण र नियमन हुन नसक्नु नै आजको चुनौती हो। गोपबाट

# देवदहमा डम्पिंग साइड निर्माणमा तीब्रता



देवदह। देवदह नगरपालिकाले फोहोर व्यवस्थापन गर्ने भन्दै डम्पिङ्ग साइड निर्माणको कामलाई तीब्रता दिएको छ। विगत लामो समयदेखि फोहोर नठेपछि नागरिकबाट विरोध भएपछि नगरपालिकाले डम्पिङ्ग साइटको सुदृढीकरण कामलाई तीब्रता दिएको नगर प्रमुख ध्रुवप्रसाद खरेलले जानकारी दिए।

नगरप्रमुख खरेलले पुरानो डम्पिङ्ग साइडलाई व्यवस्थित गरी फोहोर व्यवस्थापनमा देखिएको समस्या तत्काल समाधान गर्ने गरी नगरपालिका अगाडि बढेको बताए। 'अहिले डम्पिङ्ग साइडलाई स्तरीकरण गरिएको छ।'-उनले भने।

अब फोहोर व्यवस्थापनको समस्या दीर्घकालिन रूपमै समाधान हुने खरेलले जानकारी दिए। देवदह नगरपालिकाले विगत लामो समयदेखि बुद्ध सामुदायिक वन क्षेत्रमा डम्पिङ्ग साइड निर्माण गरी फोहोर व्यवस्थापन गर्दै आएको छ। केही समयअघि फोहोर व्यवस्थापन वैज्ञानिक नभएको र फोहोरका कारण स्थानीयको स्वास्थ्यमा प्रतिकुल असर गरेको भन्दै नागरिकले डम्पिङ्ग साइटमा फोहर फाल्न रोकेको थियो।

नगरप्रमुख खरेलले गाउँ/टोलबाट निस्कने फोहोरलाई वर्गीकरण गरेर मात्र डम्पिङ्ग साइडमा लैजाने गरी नगरपालिका अगाडि बढेको जानकारी दिए। उनले डम्पिङ्ग साइड व्यवस्थापनको काम अन्तिम चरणमा पुगेकोले केही दिनभित्रै फोहोर व्यवस्थापन गरिने बताए।

नगरपालिकाले प्रत्येक वडा/टोलमा फोहोर वार्गीकरण अभियान समेत सञ्चालन गरेको छ। कुहिने वस्तुलाई मल बनाउने, पुनः प्रयोग गर्न मिल्ने वस्तु प्रयोग गर्ने र बिक्री हुने वस्तु बिक्री गरेर शेष रहेको फोहोरलाई मात्र फोहोर उठाउने गाडीमा पठाउन नगरपालिकाले आग्रह गरेको छ।

डम्पिङ्ग साइटमा तारजाली लगाउने र भवन बनाउने कामको लागि ८ लाख रुपैयाँ खर्चिएर स्थानीयको माग बमोजिम निर्माण कार्य गरिरहेको नगरपालिकाले जनाएको छ।

# तिते करेला खानुका फाइदै फाइदा



हामी सबैलाई गुलियो, अमिलो र पिरो मन पर्छ तर तितो मन पर्दैन। त्यहि तितो हुने कारणले गर्दा पनि हामी तितेकरेलालाई कम रुचाउछौं। तितेकरेला रुचाउने मानिसहरुले पनि प्राय करेलाको बोक्रा फालेर खाने गरेको पाइन्छ। जुन गलत हो। त्यसो गर्दा करेलाको रस खेर जाने गर्छ। १० देखि १५ दिनका बिचमा करेला खानु स्वास्थ्यका लागि फाइदाजनक मानिन्छ।

**करेला खानुका केही फाइदाहरु यस्ता छन्ः**

१. कलेजोका रोगीहरुका लागि करेला एकदम उपयोगी हुन्छ।

२. तिते करेलाको सेवनले रगतलाई सफा गर्दछ भने हेमोग्लोबिनको मात्रालाई पनि बढाउँछ।

३. करेलाले पाचनशत्ति बढाउँछ र भोक जगाउँछ।

४. करेला र कागतीको रस पानीमा मिसाएर खानाले शरीरको तौल घट्छ।

५. करेला शितल खाद्य भएकाले गर्मी याममा खानु लाभदायक हुन्छ।

६. बान्ता, हैजा आदि भएमा करेलाको रसमा थोरै पानी र कालो नुन छरेर खाने गरेमा तुरुन्त लाभ मिल्छ।

७. डायबेटिजको समस्या भएकाहरुका लागि पनि करेलाको तरकारी उत्तम मानिन्छ। यसले शरिरमा चिनिको मात्रालाई नियन्त्रित गर्छ।

८. बाथ रोग र हातखुट्टा पोल्ने बिरामीहरुले करेलाको झोलले मालिस गरेमा फाइदा पुग्छ।

९. तितेकरेलामा फेस्फोरस हुने भएकाले यसले घाटीमा जमेको कफलाई हटाउँछ।

# प्यूठानमा दुई घर भत्किए, सडक सञ्जाल अवरुद्ध

स्वर्गद्वारी (प्यूठान) ।ः प्यूठानमा दुई घर भत्किएका छन् । निरन्तरको वर्षाका कारण गौमुखी गाउँपालिकामा एक र स्वर्गद्वारी नगरपालिकामा एक गरी दुई घर भत्किएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

गौमुखी गाउँपालिका-३ कोरबाङका विष्णु सेन र स्वर्गद्वारी नगरपालिका-३ धापधाराका तेजबहादुर नेपालीको कच्ची घरमा पानी चुहिएर भत्किएको प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक केशव केसीले जानकारी दिए । उनका अनुसार पीडितहरूलाई उद्धार गरी आफन्तको घरमा राखिएको छ । इलाका प्रहरी कार्यालय भिङ्गीको प्रहरी 'डिउटी' बस्ने पोष्ट, पर्खाल र भरिएका हतियारहरू खाली गर्ने ठाउँसमेत भत्किएको उनको भनाइ छ ।

वर्षाका कारण पहिरो जाने, लेदो झर्ने हुँदा प्यूठानको मुख्य सडक भालुबाङ-प्यूठान सडकबाहेकका सडकहरू अवरुद्ध भएका छन् । लामो प्रयासपछि भालुबाङ-प्यूठानमा पर्ने गर्जेनी, सिमलचौर, खहरेलगायत ठाउँबाट अवरोध खोलिएको हो ।

प्यूठान-तिराम-घोराहीसहित जिल्लाका बजारलाई जोड्ने सबै सडकहरू अवरुद्ध भएको सूचना अधिकारी केसीले जानकारी दिए । सडक अवरुद्ध र वर्षा चलिरहेका कारण जिल्लामा क्षति विवरण आउन सकेको छैन । वर्षा रोकिएपछि वर्षाले गरेको क्षति विवरण आउने सूचना अधिकारीको भनाइ छ ।

जिल्लाभर वर्षा नरोकिएकाले क्षति विवरण आउन सकेको छैन । हाल उपलब्ध जानकारीअनुसार प्यूठान नगरपालिका-१ खैरास्थित झिमरुक मत्स्यपालन तथा एकीकृत कृषि फर्ममा बाढी पसी माछा बगाउँदा पाँच लाखको क्षति भएको छ ।

फर्ममा बढी पानी परेपछि पाँचवटा पोखरीमा रहेको सबै माछा बगाएको फर्मका सञ्चालक भोजबहादुर बस्नेतले जानकारी दिए । सञ्चालक बस्नेतका अनुसार पाँचवटा पोखरीमा रहेको सबै माछा बगाउँदा करिब पाँच लाख बराबरको क्षति पुऱ्याएको हो ।

छपन्न रोपनी क्षेत्रफलमा १० वटा पोखरीमध्ये पाँचवटा पोखरी भत्काइदिएको छ । फर्ममा क्षति पुऱ्याइदिएको भन्दै बस्नेतले नगरपालिकाको विपद् व्यवस्थापनले समन्वय गरिदिन आग्रह गरेका छन् ।

# दसैंको अग्रिम टिकट बुकिङ खुला, छाता ओढेर टिकट काट्दै यात्रु

काठमाडौं । सरकारले दसैंका लागि लक्षित गरी शनिबारदेखि अग्रिम टिकट बुकिङ खुला गरेको छ ।

देशका विभिन्न क्षेत्रबाट सङ्घीय राजधानी काठमाडौंमा अध्ययन, व्यापार व्यवसाय, रोजगारीका लागि आएका चाडपर्व मनाउन घर जानेलाई लक्षित गरेर अग्रिम टिकट बुकिङ खुला गरेको हो ।

घटस्थापना आउन पाँच दिन बाँकी रहँदा सरकारले अग्रिम टिकट बुकिङ खुला गरेसँगै नयाँ बसपार्कमा टिकट लिन बिहानैदेखि यात्रुको भीड लागेको छ । शुक्रबारदेखि नै मुलुकको सङ्घीय राजधानी काठमाडौंसहित देशभर अविरल वर्षासमेत भएकाले बिहानैदेखि छाता ओढेर यात्रु टिकट काट्न लाइनमा बसेका छन् ।

अग्रिम टिकट बुकिङ काउन्टरमा पश्चिमको दार्चुला, डडेलधुरा, धनगढी, टीकापुर, बझाङ, बाजुरा, सल्यान, रुकुम, प्यूठान, रोल्पा तथा ताप्लेजुङ, इलाम, काँकडभित्ता, उदयपुरलगायतका ठाउँमा जाने यात्रुको भीडभाड लागेको छ ।

सरकारले अनलाइनमार्फत् टिकट काट्न पाउने व्यवस्था मिलाए पनि यात्रु भने बिहानैदेखि छाता ओढेर लाइनमा बसेका हुन् ।

सार्वजनिक यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाले आज बिहान ६ बजेदेखि नै अग्रिम टिकट बुकिङ खुला भएको बताए ।

उनले शुक्रबारदेखि परेको अविरल वर्षाका कारण देशभरका राजमार्ग अवरुद्ध हुँदा सर्वसाधारण यात्रुलाई मर्का परेको बताए । उनले शनिबार पनि राजमार्ग हुँदै सार्वजनिक यातायात आवतजावत गर्ने परिस्थिति नहरेको उल्लेख गरे ।

वरिष्ठ उपाध्यक्ष सिटौलाले यसपालिको दसैंमा घर जानका लागि यात्रुले सहजै टिकट पाउने दाबी गरे । "राजमार्ग बिग्रिएका कारण काठमाडौं आवतजावत गर्न सार्वजनिक सवारीसाधनलाई केही समय लाग्ला तर बस नपाएर कोही यात्रु रोकिनु पर्दैन ।"-उनी भने ।

हरेक वर्ष दसैं मनाउनका लागि राजधानी काठमाडौंबाट २० लाखको हाराहारीमा यात्रु उपत्यकाबाट बाहिरिने गरेका छन् । सरकारले लामो तथा मध्यम दूरीका यात्रुका लागि अग्रिम टिकट बुकिङ खुला गरे पनि छोटो दूरीका सवारीसाधनको टिकट भने घटस्थापनाबाट खुल्नेछ ।

## बाढीपहिरोमा...

मन्त्रालयले जनस्वास्थ्यको सुरक्षाको व्यवस्थापनका लागि स्थानीय जिल्ला स्वास्थ्य कार्यालयहरू, प्रदेश सम्बन्धित निकायहरू मार्फत स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूले समन्वयको व्यवस्था गरिरहेको प्रवक्ता बुढाथोकीले जनाएका छन् ।

**काठमाडौंलाई अन्य जिल्लासँग जोड्ने नाका बन्द**

काठमाडौं उपत्यकालाई अन्य जिल्लासँग जोड्ने सबै नाका बन्द भएको छ ।

पृथ्वी राजमार्गका विभिन्न स्थानमा गएको पहिरोले शनिबार बिहानैदेखि यो सडक खण्ड बन्द रहेको छ । काठमाडौं- मुग्लिन -नारायणगढसम्म शनिबार रातभर सवारी चलाउन रोक लगाइएको छ ।

पूर्वी नेपाललाई काठमाडौंसँग जोड्ने विपी राजमार्ग समेत अवरुद्ध बनेको छ । उता, हेटौंडा -काठमाडौं जोड्ने सबै सडक बन्द भएका छन् । पहिरोका कारण हेटौंडा काठमाडौं जोड्ने लामो तथा छोटा दूरीका सबै मार्ग बन्द भएका हुन् ।

बिहीबारदेखिको अविरल वर्षाका कारण हेटौंडाबाट काठमाडौं जाने कान्ति लोकपथ, राजधानी मार्ग (भीमफेदी कुलेखानी सिस्नेरी दक्षिणकाली काठमाडौं), कुलेखानी फाखेल काठमाडौं, कुलेखानी मातातीर्थ काठमाडौं र त्रिभुवन राजपथ पहिरोले अवरुद्ध भएका छन् ।

उता, अरनिको राजमार्ग समेत अवरुद्ध भएको सडक विभागले जनाएको छ । काठमाडौं-धुलिखेल-दोलालघाट-खाडीचौर- कोदारी सडक खण्डका विभिन्न स्थानमासमेत सडक अवरुद्ध भएको विभागले जनाएको छ । सबैभन्दा बढी असर बीपी राजमार्गमा देखिएको छ ।

## संस्थापक...

'दैनिक लुम्बिनीको स्थापना गरी संस्थागत जग बसाल्न उहाँले गरेको संघर्ष र मिहिनेत हामीले सधैं सम्झिरहने छौं, रूपन्देहीको पत्रकारिताको दरिलो खम्बा, नेपालको वाम लोकतान्त्रिक आन्दोलनको अविचलित धरोहर स्वर्गीय कार्कीले पुऱ्याएको योगदान समाजले सधैं सम्झिरहने छ ।'-अध्यक्ष चापागाईंले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल पत्रकार महासंघका पूर्व सभापति हरिहर विरहीले कार्कीले तत्कालीन नेपाल पत्रकार संघलाई महासंघ बनाउन र पञ्चायत समर्थक पत्रकारको नेतृत्व परिवर्तन गरी प्रजातन्त्र समर्थक पत्रकारको नेतृत्व स्थापित गर्न अग्रणी भूमिका खेलेको स्मरण गरे । कार्कीका समकालीन पाल्पाका अग्रज पत्रकार मेघराज शर्माले समाचार लेखनको काममा असाध्यै हुटहुटी भएका र पत्रकारितामार्फत समाज रुपान्तरणको मूल उद्देश्य राखेर कार्कीले काम गरेको बताए ।

नागरिक अभियान्ता एवं अधिवक्ता पदम कार्कीले वापन्थी आन्दोलन र पत्रकारिताका माध्यमबाट समाजको अग्रगामी रुपान्तरणमा कार्कीले खेलेको भूमिका अविस्मरणीय रहेको बताए । पञ्चायतकालमा कम्युनिष्ट नेता कार्यकर्ता र वामपन्थी पत्रकारका लागि कार्कीको निवास शेल्टर जस्तै बनेको समेत पदम कार्कीले स्मरण गरे ।

कार्कीका समकालीन रुपन्देहीका अग्रज पत्रकार मदनलाल पौड्यालले कार्की बेथिति, विसंगतिविरुद्ध र जनपक्षीय पत्रकारितामा खरो ढंगले उभिने साहसी र निडर पत्रकार भएको टिप्पणी गर्दै अहिलेका पत्रकारले उनको योगदान र आदर्श अनुशरण गर्नुपर्ने बताए ।

स्वर्गीय कार्कीको अन्तिम दाहसंस्कार शनिबार योगिकुटीस्थित मगरघाटमा भएको छ । नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामर ाज पोखरेलले कार्कीको निधनले महासंघले एक सच्चा र इमान्दार पत्रकार गुमाएको बताए ।

यसैबिच नेपाल पत्रकार महासंघ रूपन्देहीले एक विज्ञप्ति जारी गर्दै महासंघका पूर्व केन्द्रीय उपसभापति, प्रेस स्वतन्त्रता सेनानी अग्रज पत्रकार कर्णबहादुर कार्कीको निधनले महासंघ रूपन्देही र रूपन्देहीको पत्रकारिता क्षेत्रस्तब्ध भएको जनाएको छ । रूपन्देहीको पत्रकारितालाई संस्थागत विकास गर्न र पत्रकारितामार्फत समाज रूपान्तरणमा कार्कीले खेलेको भूमिका अतुलनीय रहेको सचिव विनोद परियारले जारी गरेको विज्ञप्तिमा छ ।


नेपाल नेत्र ज्योति संघ

**लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान**

**श्री रणअम्बिका शाह आँखा अस्पताल**

सिद्धार्थनगर नगरपालिका- ३, रुपन्देही

**सूचना । सूचना ॥ सूचना ।॥**

(सूचना प्रकाशित मिति२०८१।०६।१३)

यस नेपाल नेत्र ज्योति संघ/लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान/श्री रणअम्बिका शाह आँखा अस्पतालमा CTEVT द्धारा संचालित PCL - Ophthalmic Science को शैक्षिक शत्र २०८१।०८२ मा अध्ययनका लागि तपसिल बमोजिमको पूर्ण शुल्कीय कोटामा सिट रिक्त रहेको र SEE ग्रेड सुधार २०८१ को नतिजा पनि प्रकाशित भइसकेको हुँदा यस संस्थानको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन उप समिति २०८१ को मिति २०८१।०६।०९ तथा यस संस्थानको प्राज्ञिक समितिको मिति २०८१।०६।११ गतेको निर्णयानुसार पुनःप्रवेश परीक्षा आवेदन फारम खूल्ला गर्ने निर्णय भएकोले यस अघिको मिति २०८१।०३।१६ गतेको सुचनाका सम्पुर्ण शर्तहरु लागु हुने गरि पुर्ण शुल्किय (खुल्ला तथा लक्षित वर्ग) को लागि यो सुचना प्रकाशित मिति (२०८१।०६।१३) ले १६ दिन (दशैं पर्व र शनिवार बिदाबाहेक कार्यालय खुल्ने दिन मिति २०८१।०७।०६) भित्र दरखास्त दिनुहुन तथा डिप्लोमा तह अफ्थल्मिक साईन्स, सामान्य चिकित्सा, नर्सिङ्ग, फार्मेसी, ल्याबतर्फका अन्यत्र संस्थानबाट प्रवेश परीक्षा दिई बैकल्पिक/पास (Alternative /Cutt Off /Pass List Candidates) सुचीमा रहेका ईच्छुक उम्मेदवारहरु समेतले भर्नाको लागि निवेदनदर्ता गराई भर्ना हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः पुनःप्रवेश परीक्षा मितिः २०८१।०७।०९ गते शुक्रवार बिहान ९:०० बजे देखि यसै संस्थानमा संचालन हुनेछ ।

तपसिलः

| क्र.सं. | पूर्ण शुल्कीय लक्षित वर्ग | पूर्ण शुल्कीय खुल्ला वर्ग | कुल रिक्तसिट संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१ | ११ | १२ | |

**प्राचार्य/कोअर्डिनेटर**

**फोन नं.**: ०७१- ५७३८२७, ५७०२६५, ९८५७०१७३९५



**संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !!!**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/१३ गते**

यस वित्तीय संस्थाका संस्थापक डा.यम बहादुर बि.क. ले संस्थामा दिनुभएको निवेदन अनुसार उहाँको आफ्नो स्वामित्वमा रहेको संस्थापक शेयरमध्ये जम्मा २५,००० (पच्चिस हजार) कित्ता संस्थापक शेयर बिक्री गर्न इच्छुक भै वित्तीय संस्था समक्ष निवेदन दिनुभएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरिद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरीद गर्न इच्छुक वित्तीय संस्थाको हाल कायम रहेका विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनीलाई वित्तीय संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१०, रुपन्देहीमा आफूले खरिद गर्ने शेयर कित्ताको मूल्य तथा संख्या खुलाई निवेदन दिनहुन सूचित गरिन्छ । उपरोक्त म्यादभित्र कुनै निवेदन प्राप्त हुन नआएमा प्रचलित नियमानुसार हाल कायम संस्थापक शेयरधनीहरुको खरीद दाबी नभएको सम्झी बिक्रीको लागि प्राप्त उक्त शेयर अन्य नयाँ व्यक्ति वा संस्थापकहरुको खोजी गरी बिक्री कार्य गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**

**केन्द्रीय कार्यालय, बुटवल-१०, कालिकानगर, रूपन्देही**

फोन नं.: ०७१-४३८१६९

इमेलः info@jucbank.com.np, वेवसाइटः www.jucbank.com.np



INDUSTRIAL DISTRICT MANAGEMENT LIMITED

(An Undertaking of Goverment of Nepal)

Butwal Industrial District Management Office

Ramnagar, Rupandehi

First Date of Publication of Notice: 2081/06/13

**INVITATIONS FOR BIDS**

| S.N | Project Title | Contract No | Estimated Amount With Vat and PS | Cost of Bid Docements | Procurement Type |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Road and Drain Inside Butwal Industrial District (National Competitive Bidding) | BUIDMO/WORKS/ NCB-01/2081/82 | Nrs.1,66,29,656.71 | Nrs. 3000.00 | NCB(1S1E) |

Please Visit the official Website of PPMO, WWW.bolpatra.gov.np/egp for more details.



**Jhimruk Rural municipality**

**Office of the Rural Municipal Executive**

**Bhyagute, Pyuthan**

**Lumbini, Province, Nepal**

**Invitation for Bids**

**Third Date of Publication: 2081/06/13 (AD 29/09/2024)**

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of following Project under Sealed Quotation procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount (Without Vat) | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1. | JRM/SQ/GOODS /01/2081/082 | Extraction and Selling of River Bed Material at Jhimruk Rural Municipality Area | NRs. 1,369,199.07 | NRs. 40,000.00 | NRs. 1,000.00 |
| 3. | JRM/SQ/GOODS /03/2081/082 | Extraction and Selling of River Bed Material at Jhimruk Rural Municipality Area | NRs. 725,377.38 | NRs. 20,000.00 | NRs. 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo, before 12 Hours on 2081/06/30 (AD 16/10/2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/06/30 (AD 16/10/2024), 13:00 at the office of Jhimruk Rural Municipality
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक





दाङको तुलसीपुरबाट सल्यान हुँदै रुकुम जोड्ने सडक राप्ती लोकमार्ग अन्तर्गत तुलसीपुर उप-महानगरपालिका-३ स्थित राम्रीमा अविरल वर्षातका कारण शनिबार भासिएको सडक बायाँ र नवलपरासी(बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका-२ को सितापुर क्षेत्रमा नारायणी नदी बस्तीमा पसेपछि उद्धार गरिँदै । यस क्षेत्रको सितापुर, नन्दपुर, भुताहा, धजाहलगायत स्थानमा तीन सयभन्दा बढी घर डुबानमा परेका छन् । *तस्विरः सामाजिक सञ्जाल ।*

# पहिरोले तानसेन कैलाशनगर देउरालीको बस्ती जोखिममा



**कृष्ण पोखरेल**
*पाल्पा*

३ दिनदेखि परेको अविरल वर्षाको कारण तानसेन नगरपालिका वडा नं. ५ कैलाशनगर देउराली बस्ती जोखिममा परेको छ । पहिरोले १५ घरबस्ती बगाउने जोखिम बढेको छ । बस्तीको मुनीबाटै लेदोसहितको पहिरो झरेको छ । पहिरोसँगै पानीको मुल बगेकोले झनै जोखिम बढाएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीयवासी, जनप्रतिनिधिहरु बस्ती क्षेत्रमा पुगेर पहिरो क्षेत्रमा त्रिपाल ढाकेर रोक्ने प्रयास गरे पनि जोखिम कम नभएकोले १५ घर बस्तीका मानिसहरु यत्रतत्र सरेका छन् । बस्ती जुनसुकैबेला पनि बग्न सक्ने अवस्था रहेकोले घरमा रहेका सबै सरसमानसहित मानिसहरु घर छोडी छिमेकीहरुको शरणमा पुगेका छन् । पहिरो पीडितलाई तानसेन नगरपालिकाले जिनप्रतिनिधिमार्फत् त्रिपाल व्यवस्थापन गरेको छ । सिद्धार्थ राजमार्गको बर्तुङ लामडाँडा क्षेत्रमा पनि सडक विस्तारको क्रममा सडक माथिका घरहरु पहिरोको जोखिममा परेका छन् ।

**बाढीले माडी फाँट डुबानमा**

५ वटा पालिकाको पानी पाल्पाको अन्नभण्डार माडी फाँटमा एकत्रित हुँदा अधिकाश क्षेत्र डुबानमा परेको छ । अविरल वर्षाको कारण पानी निकास नहुँदा माडी फाँट डुबानमा परेको हो । डुबानबाट सयौ हेक्टरमा लगाएको धान खेतीमा नोक्सानी पुगेको छ ।

**विद्युत् सेवा अवरुद्ध**

पाल्पामा शुक्रबार दिउँसोदेखि अवरुद्ध भएको विद्युत सेवा नियमित रुपमा सुचारु हुन सकेको छैन । बुटवलबाट आउने ३३ केबीको प्रशारण लाइन पाल्पाको बसन्तपुर झुम्सा क्षेत्रमा समस्या आएकोले मर्मतको लागि कठिनाइ भएको नेपाल विद्युत् प्राधिकरण पाल्पा वितरण केन्द्रले जनाएको छ । बसन्तपुर क्षेत्रमा मर्मतको लागि ३ घण्टा उकालो हिंडेर जानुपर्ने अवस्थाको कारण काम गर्न कठिनाइ भएको पाल्पा वितरण केन्द्रले जनाएको छ । पाल्पा वितरण केन्द्रले बुटवल क्षेत्रको प्रशारण लाइन सुचारु नहुँदासम्मको लागि गुल्मी क्षेत्रको लाइन वितरणको लागि प्रयास गरिरहेको जनाएको छ ।

**तानसेन राम्दी सडक अवरुद्ध**

सिद्धार्थ राजमार्गको तानसेन-पोखरा सडक खण्डको अगाँहाखोला क्षेत्रमा खसेको ढुंगासहितको पहिरोले सडक अवरुद्ध भएको छ । पहिरोबाट २० घरमा लेदो पसेको छ । पहिरोले २० घर जोखिममा परेका छन् । माथिबाट झरेको पहिरोले एक सवारी साधनको एक भाग पुरिएको अवस्थामा रहेको छ । सडक डिभिजन कार्यालय पाल्पाले लोडर स्काभेटरको प्रयोग गरी पहिरो पन्छाउने काममा लागेको जनाएको छ ।

**पाल्पा–बुटवल र पाल्पा–रिडी सडक सुचारु**

सिद्धार्थ राजमार्गको तानसेन बुटवल सडक केराबारी क्षेत्रमा शुक्रबार झरेको पहिरो शनिबार हटाएपछि यातायात सुचारु भएको छ भने तानसेन-रिडी सडकतर्फ सम्मोबारी ढुंगाखानी क्षेत्रमा खसेको पहिरो हार्थोक- मालमुङ-लघुवा-जोर्ते क्षेत्रमा खसेको पहिरो पन्छाएर सडक एतर्फी सञ्चालनमा आएको प्रहरीले जनाएको छ ।

# जिल्लास्तरीय मेयरकप स्नुकरको सेमिफाइनल आज



भैरहवा । भैरहवामा जारी आठौं रुपन्देही जिल्लास्तरीय मेयरकप स्नुकर प्रतियोगिताअन्तर्गत शनिबार क्वार्टर फाइनलका खेलहरु सकिएका छन् । रुपन्देही पुल तथा स्नुकर संघको आयोजना तथा सिद्धार्थनगर नगरपालिकाको सहयोगमा जारी प्रतियोगिताअन्तर्गत आइतबार दिउँसो १ बजेदेखि सेमिफाइनल खेलहरु हुनेछन् । भैरहवास्थित क्रेजि क्यु क्लब हाउसमा जारी प्रतियोगितामा आइतबार शिशिर गुरुङविरुद्ध कुनाल श्रेष्ठ तथा सञ्जय कार्कीविरुद्ध सञ्जयरत्न बज्राचार्य फाइनल पुग्न प्रतिस्पर्धा गर्नेछन् । खेल संयोजक एवं संघका सल्लाहकार विजय थापाका अनुसार सेमिफाइनलका खेलहरु बेस्ट अफ सेभेनका आधारमा खेलाइने छ ।

यसअघि क्वाटर फाइनलमा शिशिरले प्रमोद थैवलाई, सञ्जय कार्कीले कशिश क्षेत्रीलाई, कुनाल श्रेष्ठले बसन्त रश्मीलाई र सञ्जयरत्न बज्राचार्यले सौरभ श्रेष्ठलाई राजित गर्दै सेमिफाइनलमा स्थान पक्का गरेका थिए ।

प्रतियोगिताको उपाधि विजेताले नगद ६१ हजार रुपैयाँ, तथा उपविजेताले नगद २५ हजार रुपैया, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ । यसैगरी सर्वाधिक ब्रेकरले नगद १० हजार रुपैयाँ, र कपबाट पुरस्कृत गरिने खेल संयोजक थापाले बताए । यसअघि संघको आयोजनामा सात वटा जिल्लास्तरीय प्रतियोगिता बुटवलमा भइसकेकामा यसपटक भैरहवामा आयोजित प्रतियोगिताले भैरहवा क्षेत्रका खेलाडीहरुमा उत्साह बढेको संघका अध्यक्ष सुजन पुनले बताए ।

# परीक्षाहरू स्थगित

बुटवल । सरकारले हाल जारी रहेका परीक्षाहरू स्थगित गर्ने निर्णय गरेको छ ।

कार्यबाहक प्रधानमन्त्री प्रकाशमान सिंहको अध्यक्षतामा शनिबार दिउँसो बसेको आपतकालीन समन्वयात्मक बैठकले भारी वर्षा भइरहेकाले अहिले चलिरहेका परीक्षाहरू केही समयका लागि स्थगित गर्ने निर्णय गरेको हो ।

'भारी वर्षाका कारण अहिले भइरहेको परीक्षा थोरै समयका लागि भए पनि स्थगित गर्ने निर्णय भएको छ ।'- बैठकको निर्णय सुनाउँदै सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले भने । बैठकले मृतकको परिवारलाई क्षतीपूर्ति र राहत उपलब्ध गराउने, अवरुद्ध सडक खुलाउने , राहत र उद्दारका सम्पूर्ण ध्यान केन्द्रित गर्ने, घाइतेको निःशुल्क उपचार गर्ने र अलपत्र यात्रुको तत्काल उद्दार गर्नेलगायतका निर्णय गरेको छ ।

# रूपन्देहीको केही घरमा पानी पस्यो



भैरहवा । बिहीबार रातिदेखि परेको अविरल वर्षका कारण रुपन्देहीका केही घरमा पानी पसेको छ । रुपन्देहीको रोहिणी, मायादेवी र मर्चवारलगायतका क्षेत्रमा वर्षाले प्रभावित बनाए पनि मानवीय क्षती भने भएको छैन ।

मायादेवी गाउँपालिका वडा नम्बर ६ खजुरिया, र गुरवनियाका केही घरमा पानी पसेको छ । यस्तै रोहिणी गाउँपालिका वडा नम्बर ५ को बरवा र तरकुलहा गाउँ डुबानमा परेको छ । तरकुलहामा रहेको तुरिया खोलाको तटबन्ध भत्काएको छ भने सम्मरीमाइ ५ रोइनिहवादेखि थुम्हवा जाने सडकखण्ड, रोइनिहवादेखि फरेना जाने सडक खण्डमा आवतजावतमा प्रभावित बनेको छ । त्यस क्षेत्रको केही घरमा पानी पसेको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख, प्रहरी उपरिक्षक रञ्जित सिंह राठौरले जिल्लाका केही घरमा पानी पसेको र सामान्य क्षती भए पनि स्थानीयलाई सकुशल रहेका छन् । मायदेवीको खजुरिया गाउँमा र रोहिणी गाउँपालिका वडा नम्बर ५ मा स्थानीय तुरिया खोलाको पानी पसेको छ । डुबानको कारण २ वटा गाउँका केही घरहरुमा पानी पसेको छ । वडा नम्बर ५ मा तुरिया खोलाले यसअघि पनि दुःख दिने गरेको थियो । डुबानका कारण तरकुलहा र बरवामा गरी करिब ५ सय बिघा बढी जग्गाको धानबाली नष्ट भएको स्थानीयहरुको भनाइ छ । रुपन्देहीको मुख्य नदी तिनाउ र दानब नदीको संगम स्थल कोटहीमाई ५ दुईमोहानभन्दा तल्लो क्षेत्र लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. २, सम्मरीमाई वडा नं. ७, ५ र ३ क्षेत्रमा पानीको चाप उच्च रहेको छ । लुम्बिनी संस्कृतिक नगरपालिका वडा नं. २ भरथापुरको सडकमा डेढ फिट, सम्मरीमाई ५ चक्कीय र थुम्हवामा मुल सडकमै पानी रहेको छ ।

बिहीबारदेखि सुरु भएको वर्षाले रुपन्देहीको तटीय क्षेत्रमा पानीको बहाव उच्च रहेकोले सावधानी अपनाउन विपद् व्यवस्थापन समिति रुपन्देहीका संयोजक जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले आग्रह गरेका छन् । अहिले भइरहेको मण्डलीय वर्षाले नेपालको विभिन्न जिल्लासहित रुपन्देही पनि जोखिममा रहेको हुँदा विभिन्न ठाउँमा उद्धार टोली तयारी अवस्थामा रहेको प्रमुख जिल्ला अधिकारी अर्यालले जानकारी दिए ।

सडक डुबानमा परेको क्षेत्रमा आवतजावत गर्नेहरुलाई वैकल्पिक बाटो प्रयोग गर्न आग्रह गरिएको छ भने अधिक वर्षाले विभिन्न तटीय क्षेत्र र डुबानको जोखिम क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरिएको छ ।

रुपन्देहीको मर्चवार क्षेत्रमा खोलाले दूध ढुवानी गर्ने गाडी बगाएको आशंका गरिएको छ । नियमित रुपमा सम्मरीमाई गाउँपालिका वडा नं. ५ रोइनिहवाबाट तिवारी दूध संकलन केन्द्रको भे १ च २६७६ नम्बरको सो गाडी संकलन केन्द्रबाट दूध लिएर बिहान ५ बजे गएपछि हालसम्म गनतब्यमा नपुगेकोले बगाएको शंका गरिएको छ । उक्त गाडीले दिनहुँ भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पछाडिको बाटो प्रयोग गरी दूध ढुवानी गरिरहेको पनि सोही बाटो प्रयोग गरिएको आशंका रहेको प्रमुख जिल्ला अधिकारी अर्यालले बताए । उनले भने-'उक्त बाटोमा पर्ने घाघरा खोला निर बाटो निकै ओरालो रहेकोले सो ठाउँबाट गाडी बगाएको अशंकापछि सशस्त्र प्रहरी बलको टीमद्वारा खोजतलास जारी रहेको छ । तर गाडी बगाएको प्रमाणित जानकारी आएको छैन ।'

मर्चवारको रोइनिहवाबाट भैरहवा, बुटवललगायत विभिन्न ठाउँमा दूध पुऱ्याउन बिहान ५ बजे हिंडेको उक्त गाडीसहित चालक र सह-चालक अहिलेसम्म सम्पर्कमा आएका छैनन्, खोजी कार्य जारी रहेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com